नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

फोन नं.: ०१४२२४११६
०१४२२४११७
०१४२२९३२१
फ्याक्स नं.: ०१४२२४१४३
ई-मेल:
psdyojana@gmail.com
nepalpost.hulak@gmail.com
बबरमहल, काठमाण्डौं, नेपाल

पत्र संख्याः-
च.नं.:-

## विज्ञप्ति

आज मिति २०८१ साल चैत्र २८ गते बिहिबारको दिन हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२४ अन्तर्गत सिकारी सरदार वंशु(वंश) गुरुङ र स्थानीय इन्डेमिक वनस्पतिहरुको तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूले प्रकाशित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्नुभएको थियो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यू विशेष अतिथिको भूमिकामा रहनुभएको थियो। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्ध निर्देशक श्री यदुनाथ पौडेलज्यू, वनस्पति विभागका वैज्ञानिक अधिकृत श्री प्रतिक्षा श्रेष्ठज्यू, सिकारी सरदार वंशु(वंश) गुरुङ स्मृति प्रतिस्ठानका अध्यक्ष र अन्य पदाधिकारीहरु तथा उहाँका सन्ततिहरु, फिलाटेलिक सोसाइटी अध्यक्षज्यू र अन्य पदाधिकारीहरु, अतिरिक्त हुलाक एशोसियसनका अध्यक्षज्यू लगायत अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। गोश्वारा हुलाका कार्यालयका प्रमुख हुलाक अधिकृत श्री लिलावल्लभ न्यौपानेज्यू, विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत श्री देवी पाण्डेज्यू, हुलाक सेवा विभाग र मातहतका कर्मचारीहरु, प्रत्रकार एवं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा अन्तर्राष्ट्रिय हुलाक टिकट प्रदर्शनीमा Large Gold र Gold प्राप्त गर्नुभएका दुई जना फिलाटेलिस्टज्यूहरुलाई हुलाक सेवा विभागको तर्फबाट सम्मान गर्दै सम्मान पत्र प्रदान गरिएको थियो। जसमध्ये थाइल्याण्डको बैंककमा सन् २०२३ नोभेम्बर २७ देखि डिसेम्बर २ सम्म आयोजित World Stamp Championship Exhibition कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गरी The Prestamp and Classic Period १९९ -१९०७ विषयमा वृहत स्वर्ण पदक (Large Gold) प्राप्त गर्नुहुने श्री ऋषि कुमार तुलस्यानज्यू र चाइनाको Sanghai Exhibition Center मा सन् २०२४, २९ नोभेम्बर देखि ३ डिसेम्बरसम्म आयोजित CHINA २०२४ ASIAN INTERNATIONAL STAMP EXHIBITION कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गरी Shri Pashupati Issues of Nepal, १९०७-१९५० Traditional विषयमा स्वर्ण पदक (Gold) प्राप्त गर्नुहुने डा.असोक राणाज्यूलाई सम्मान गरिएको थियो। सोही अवसरमा सिकारी सरदार वंशु(वंश) गुरुङ स्मृति प्रतिस्ठानका अध्यक्ष र अन्य पदाधिकारीहरु तथा उहाँका सन्ततिहरुले सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूलाई दोसल्ला ओढाई सम्मानपत्र सहित सम्मान गर्नुभएको थियो।

कार्यक्रम सञ्चालन हुलाक सेवा विभागका निर्देशक श्री विशाल सापकोटाले गर्नुभएको थियो भने प्रकाशन गरिएका हुलाक टिकटमा अंकित व्यक्तित्वहरुको संक्षिप्त विवरण विभागका शाखा अधिकृत श्री चन्द्रा थापाले वाचन गरेर प्रस्तुत गर्नुभएको थियो ।

विशाल सापकोटा
निर्देशक
मिति २०८१ चैत्र २८ गते